नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(स्थानीय निकाय सहयोग शाखा)

फोन: ४-२००३०४
इमेल: LBSS_MLD@yahoo.com

पत्र संख्या:- ०७१/७२
चलानी नं.:- २.१.१.(४)

मिति:-२०७१/९/२०

**विषय : - गा.वि.स.को खाता संचालन सम्बन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय
सबै (७५ वटै) ।

प्रस्तुत विषयमा यस मन्त्रालयको मिति २०७१/०६/०२, च.नं. १२३ को पत्र प्राप्त भएकै होला । गा.वि.स.को खाता संचालनमा जिल्लास्तरका पदाधिकारी संलग्न रहँदा गा.वि.स.को नियमित कामकारवाहीमा बाधा परेको, गा.वि.स. सचिव बराबर सदरमुकाम जानुपर्दा सेवाग्राहीलाई मर्का परेको र अनुगमन गर्नु पर्ने निकायका पदाधिकारी खाता संचालनमा संलग्न हुँदा पारदर्शीता, जवाफदेहिता, सहजता, अनुगमन तथा नियन्त्रण र सन्तुलनमा वाधा पुगी वित्तीय सुशासन कायम गर्न कठिनाई परेको गुनासो आइरहेको छ ।

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४१ को खण्ड (घ) को उपखण्ड (अ) को व्यवस्था अनुसार खाता संचालन गर्ने व्यवस्था मिलाउन हुन र उपखण्ड (अ) को व्यवस्था लागू हुन नसक्ने भएमा मात्र उपखण्ड (आ) को व्यवस्था अनुसार खाता संचालन गर्ने व्यवस्था गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७१/०९/२० को निर्णयानुसार अनुरोध छ । दफा ४१ को खण्ड (घ) को उपखण्ड (इ) अनुसार जि.वि.स.को कार्यालयका योजना अनुगमन तथा प्रशासकीय अधिकृत वा स्थानीय विकास अधिकारीले तोकेका अधिकृतस्तरको कर्मचारीलाई तोक्नु पर्ने भएमा सो को स्पष्ट कारण र औचित्य सहित मन्त्रालयको लिखित पूर्व सहमति लिएर मात्र गर्नुपर्ने र मन्त्रालयको यस्तो पूर्व सहमति प्राप्त नहुँदासम्म सो दफाको खण्ड (घ) को उपखण्ड (अ) र (आ) अनुसार नै खाता संचालन गर्नुपर्ने व्यहोरा समेत निर्णयानुसार अनुरोध छ ।

साथै कतिपय गा.वि.स.हरुमा लेखाको कर्मचारी नभए तापनि लेखा तालिम लिएका स्थायी सहायक कर्मचारी भएको खण्डमा दफा ४१ को खण्ड (घ) को उपखण्ड (अ) अनुसार गा.वि.स. सचिव र निज कर्मचारीको संयुक्त दस्तखतबाट खाता संचालन गर्नुपर्ने र गा.वि.स.मा लेखा तालिम नलिएका स्थायी सहायक कर्मचारी भएको खण्डमा निजलाई यथाशिघ्र लेखा तालिम दिई सो तालिम प्राप्त पश्चात निजबाट खाता संचालन गर्न कुनै वाधा नपर्ने व्यहोरा निर्णयानुसार अनुरोध छ ।

<u>बोधार्थ</u>

श्री सूचना तथा विद्युतीय शासन शाखा :
यस व्यहोराको पत्र मन्त्रालयको वेव साइटमा राखिदिने व्यवस्था हुन अनुरोध छ ।

२०७१/९/२१

(डाल विक्रम कंडेल)
शाखा अधिकृत